**गण्डकी प्रदेश सभा**

**आठौँ अधिवेशन**

**बैठक संख्या -१४**

**सूचनापत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति २०८२ साल असार ६ गते, शुक्रवार**

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहानको **११:३१** बजे प्रारम्भ भयो।

तत्पश्चात **विपक्षी दलका माननीय सदस्यहरुले उठेर विरोध जनाउनुभयो र माननीय सभामुखले विपक्षी दलको तर्फबाट माननीय रेशम बहादुर जुग्जालीलाई आफ्नो भनाई राख्न अनुमति दिनुभयो ।**

**तत्पश्चात विपक्षी दलको तर्फबाट माननीय रेशम बहादुर जुग्जालीले बजेटको सम्बन्धमा** आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात माननीय सभामुखले विपक्षी दलका माननीय सदस्यहरुलाई आसन ग्रहणको लागि अनुरोध गर्नुभयो र विपक्षी दलका माननीय सदस्यहरु **आसन ग्रहण नगर्नु भएकोले माननीय सभामुखले बैठक ३० मिनेटको लागि ११:३८ मा** स्थगित गर्नुभयो ।

**तत्पश्चात ३० मिनेटका लागि स्थगित भएको बैठक दिनको १:५५** बजे पुन प्रारम्भ भयो ।

**तत्पश्चात माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले प्रदेश सभामा विपक्षी दलको तर्फबाट उठान गरिएका विषयहरुको सम्बन्धमा सभालाई** सम्बोधन गर्नुभयो ।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो । शुन्य समयमा **माननीय दमयन्ती रुचाल, माननीय नन्दकला दमै नेपाली, माननीय भिम बहादुर कार्की र माननीय लिल बहादुर थापा मगरले समसामयिक** विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" माथि विचार गरियोस्** भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

**तत्पश्चात माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** माथिको सामान्य छलफल प्रारम्भ भयो । उक्त सामान्य छलफलमा **माननीय महेश भट्टराई, माननीय सुशिला सिंखडा, माननीय विन्दु पौडेल र माननीय बेद बहादुर गुरुङले** भाग लिनुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को सामान्य छलफलको** क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय **सभामुखले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" का विभिन्न मन्त्रालयगत शीर्षकहरु माथि छलफल गर्न र सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान तथा निकायहरुसँग सम्बन्धित प्रश्नको उत्तर दिन समेतका लागि मिति २०८२ साल असार ८, ९, १०, ११, १२ र १३ गतेका दिनहरु तोकिएको व्यहोरा सभालाई** जानकारी गराउनुभयो ।

तत्पश्चात **माननीय सभामुखले विनियोजन विधेयक, २०८२ का विभिन्न मन्त्रालय, सचिवालय, आयोग प्रतिष्ठान तथा निकाय अन्तरगतका विभिन्न शीर्षक माथि खर्च कटौतीको प्रस्ताव पेस गर्न चाहनुहुने माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावको मिति २०८२ साल असार ७ गते दिनको २ बजे भित्र गण्डकी प्रदेश सभा सचिवालयमा दिनसक्ने व्यहोरा जानकारी** गराउनुभयो ।

तत्पश्चात माननीय सभामुखले आगामि बैठक **२०८२ साल असार ८ गते विहान ११ बजे बस्नेगरी २:४० बजे स्थगित** गर्नुभयो।

....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव